गोरखा समाचार दैनिकका लागि
नरेन्द्र ढकाल - ९८४६०९८०७३
बिबर गुरुङ - ९८६१९९२७४२
सुदिप श्रेष्ठ -९८५६००४३००
व्यवस्थापन तथा वितरण
सबिना थापा - ९८४९५३८२६६
०६४-४२०३९८

## सम्पादकीय

### कानून अनुसार कारवाही गर

पछिल्लो समय नेपालका नयाँ नयाँ अपराधका बढेका छन्। जसले गर्दा हाम्रो समाजलाई असहिषुण र अपराधिक बनाउँदै लगेको छ। यसलाई नियन्त्रण गर्न राज्य संरचना थप जिम्मेवारपूर्ण हुनु आवश्यक छ।

जिल्लामा चेक अनादारका घटना बढेर गएका छन्। अहिले दिनहुँ जसो मानिसहरु लेनदेनका समस्यामा लिएर अड्डा अदालत धाउने क्रम बढेको छ। जसमा चेक अनादारका समस्या धेरै छन्। रकम दिनु पर्ने व्यक्तिले पैसा नभएको खाताको चेक दिएर मानिसलाई झुक्याउने काम गरेको देखिन्छ। जसबाट सापटी लिएका आफन्त, ऋण दिएका व्यक्ति, कामदार, श्रमिकहरु बढ प्रभावित भएको देखिन्छ। कतिपय निर्माण व्यवसायीले आफ्ना कामदारलाई पैसा नभएका चेक दिने तर मिति गुज्रिदा सम्म पनि साट्न नपाएपछि उनीहरु रुँदै कराउँदै प्रहरी प्रशासन पुग्ने गरेको देखिन्छ। जिल्ला अदालत गोरखामा गत आर्थिक वर्ष मात्र २२ वटा चेक अनादारको मुद्दा परेको थियो। गत वर्ष परेका मुद्दा मध्ये १० वटा किनारा लागेको र १२ वटा बाँकी रहेको खबर सार्वजानिक भएको छ। बैंकमा पेश गरिएको चेक विभिन्न कारणले अस्वीकृत वा फिर्ता हुनुलाई चेक अनादार भनिन्छ। अहिले प्रहरीमा धेरै यस्ता समस्याहरु आउने गरेका छन्। यस्ता समस्यामा प्रहरीले समय छँदैमा भए छलफल गराएर रकम दिलाउन प्रयास गरिदिने नभएमा अदालत पठाइदिने गरेको छ।

चेक फिर्ता हुनु प्रचलित बैंकिङ कानून र फौजदारी संहिता अन्तर्गत आपराधिक कार्यको रूपमा व्याख्या गरिएको छ। यस कानूलाई समायानुक प्रभावकारी बनाउन पनि प्रयास भइरहेको देखिन्छ। भएको कानूनको प्रभावकारी कार्यान्वयन गरी गलत काम गर्ने वा सोझा साझा मानिसहरुलाई झुक्याउनेहरुलाई कडा कारवाही गर्नु आवश्यक देखिन्छ। साथै आम सर्वसाधारण पनि यस्तो कानून विपरितको काममा संग्लन हुनुहुँदैन।

**राना फर्निचर** शक्तिचोक, गोरखा

हामीकहाँ काठ दराज, बक्स पलङ्ग, लो बेड, सुन्दर कार्पेट, आकर्षक डिजाइनका सोफा डाइनिङ सेट, कम्प्युटर टेबल, डल्फिन चियर, डल्फिन टेबुल सेट, म्याट्रेस, पी ई फर्म, किचन र्‍याक, पर्दा सेट र विभिन्न साइजका कुर्सी, घर र अफिसका लागि तथा विवाहमा आवश्यक फर्निचरहरु सुपथ मूल्यमा पाइन्छ।

*प्रो. बिष्णु राना मगर ९८४६०४२६२९, ९८५६०२४६२९, ०६४-४२०४७०*

**हार्दिक अनुरोध**

**कुहिने फोहोर कम्पोष्ट मल बनाउन प्रयोग गरौ ।**
**नकुहिने फोहोर जथाभावी नफालौँ, नपोलौँ ।**
**बतावरण प्रदुषण हुनबाट जोगाऔँ ।**
**स्वच्छ र सफा नगर बनाउन सबैले आफ्नो ठाउँबाट सहयोग गरौं ।**

**गोरखा नगरपालिकाको कार्यालय**
**डुम्रीडाँडा गोरखा ।**

हार्दिक अनुरोध

**वर्षा सुरु नहुँदै समयमै बिकास निर्माणका काम गर्ने पालुङटार नगरपालिकाको नीति हो । सोही अनुरुप आफ्नो गाउँठाउँमा परेका योजना र कार्यक्रमहरुलाई समयमै कार्यान्वयन गरी गुणस्तरीय र दिगो संरचना निर्माण गर्न पालुङटार नगरपालिका निर्माण व्यवसायी, उपभोक्ता समिति, टोलबिकास संस्था र अन्य सरोकारवालाहरुसँग आग्रह गर्दछ ।**

**पालुङटार नगरपालिका, गोरखा**

# नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना
## आयोजना क्लष्टर इकाई
## गोरखा

प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।०४।२७

प्रस्ताव आह्वान सम्वन्धी सूचना

यस खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, क्लष्टर इकाई, गोरखाको आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसीलमा उल्लेख भएका कार्यक्रम संचालन गर्नका लागि आयोजना संचालन क्षेत्रका गाउँपालिकाहरुमा आयोजनाबाट गठन भई सम्बन्धित गाउँपालिकामा दर्ता भएका र आ.व. २०८१।८२ मा कार्यालयबाट देहाय बमोजिमका कार्यक्रम प्राप्त गरि उक्त आर्थिक वर्षमा कार्यक्रम सम्पन्न गरि कार्यालयसँग भएको सम्झौता बमोजिम यस आ.व. २०८२।८३ मा यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रममा समावेश हुने ायाँयिध(गउ कगउउयचत कार्यक्रम अनुसार तपशिल बमोजिका कार्यक्रमहरुका आवश्यक कागजात सहित यस सूचनाको मितिले १५ दिन भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नहुने व्यहोरा जानकारी गराइन्छ।

आयोजना संचालन भएका जिल्ला र गाउँपालिकाहरु :

धादिङ जिल्ला : गल्छी गाउँपालिका र सिद्धलेक गाउँपालिका

गोरखा जिल्ला : सहिद लखन गाउँपालिका र आरुघाट गाउँपालिका

**कार्यक्रमको विवरण**

| क.सं | कार्यक्रम विवरण | एकाई | संख्या | निवेदन गर्न सक्ने समूह |
|---|---|---|---|---|
| १ | बोयर बाख्राको मल्टिप्लायर हर्ड - Follow up Support | संख्या | २ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| २ | बाख्रापालन प्रवर्द्धन कर्यक्रम- Follow up support | संख्या | ४० | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ३ | दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम- Follow up support | संख्या | १६ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ४ | ग्रामिण कुखुरापालन प्रवर्द्धन कर्यकम- Follow up support | संख्या | ९ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ५ | FANSEP मा गठित बोयर बाख्राको मल्टिप्लायर हर्ड समुहहरुलाई सहयोग कार्यक्रम (follow up support) | संख्या | ४ | उत्पादक समूहहरु (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ६ | समुदायमा घाँसबाली श्रोत केन्द्र तथा नर्सरीको स्थापना (follow up support) | संख्या | ४ | उत्पादक (पशुपन्छी पालन, आ.व. २०८१।८२ मा कार्यक्रम संचालन भएका समूहहरु) |
| ७ | घरबारी पोषण बगैंचा कार्यक्रम संचालन- Follow up support | संख्या | ८८ | पोषण (आ.व. २०८१।८२ मा कार्यक्रम संचालन भएका) समूहहरु |

**आर्थिक पक्ष:** कार्यालयबाट व्यहोरिने रकममा उत्पादक समूहहरु र पोषण समूहहरुको लागत साझेदारीता प्रतिशत आयोजनाको स्वीकृत कार्यविधी वा आयोजना कार्यान्वयन म्यानुअलमा उल्लेख भएको रकम अनुसार हुनेछ।

**पेश गर्नु पर्ने कागजातहरु:**

- रु.१० को हुलाक टिकट टाँसी कार्यक्रम माग निवेदन
- गाउँपालिकामा समूह दर्ताको आवश्यक नविकरण सहितको प्रमाण (पत्रको प्रतिलिपी)
- स्थायी लेखा नम्बरको प्रतिलिपी
- समूहको कार्यक्रम माग सम्वन्धी निर्णयको प्रतिलिपी र निवेदन

नोट: कार्यक्रमको लागि समूहको निर्णय र निवेदनको लागि यस कार्यालय अन्तर्गत फिल्ड स्तरमा कार्यरत फिल्ड स्तरका प्राविधिकहरु सँग समन्वय गर्न सकिने। साथै कार्यक्रम छनौट भए नभएको जानकारी आयोजना क्लष्टर इकाई गोरखाको सूचना पाटीमा हेर्न सकिने छ र स्वीकृत कार्यविधीहरु website : http://fansep.moald.gov.np/ मा उपलब्ध भएको जानकारीको लागि अनुरोध छ। थप जानकारीको लागि सम्पर्क नं सूचना अधिकारी: ९८५६०७०७४४ र कार्यालय प्रमुख: ९८५६०७०७४५, इमेल : fansep.gorkha@gmail.com .

*We care for your smooth ride...*

**GORAKHNATH AUTO WORK**

G.M.-6, AYURVEDIC CHOWK, GORKHA 9826158011

SPARE PARTS | ACCESSORIES | MAINTENANCE | RECONDITION



Hero YAMAHA SUZUKI TVS HONDA BAJAJ ROYAL ENFIELD